ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 10.10.2024

**आर्मी कमाण्डरसीप कन्फरेन्स**

भारतीय सेनाले परम्परादेखि अलग्ग रहेर सेना कमाण्डरहरूको सम्मेलन पहिलोचोटि गान्तोकमा आयोजन गरिरहेछ। भोलिदेखि शुरू हुने दुई दिने लामो सम्मेलनलाई परिचालन नेतृत्वमा ऐतिहासिक माइलखुट्टी मान्न सकिन्छ। यसमा देशका रक्षा मन्त्री श्री राजनाथ सिंह र सेनाका वरिष्ठ अधिकारीहरूको पस्थिती रहनेछ।

गभ्भीर सामरिक मामिलाहरूको समाधान गर्नु रक्षा तयारीबारे चर्चा गर्नु र द्रूत गतिमा सृजित सुरक्षा वातावरणमा परिचालन सम्वन्धी तयारी बढाउनु सम्मलनको उद्देश्य रहेको छ। रक्षा मन्त्रीले भोलिनै गत वर्ष तीन र चार अक्तुवरको हिमताल विस्फोट घटनामा आफ्नो ज्यान गुमाउने बाइसजना जवानहरूप्रति समर्पित स्मारक प्रेरणास्थलको उद्धाटन गर्नुहुनेछ। बरदाङमा अवस्थित यो स्मारक ड्यूटीका बेला देखाइएको साहस र बलिदानको प्रमाणका साथै भावी पिढीका लागि प्रेरणाश्रोत हुनेछ। श्री सिंह आगामी शनिवार दशैं पर्वको अवसरमा पारम्परिक शस्त्र पूजामा पनि सहभागी बन्नुहुनेछ। कलश पूजा र वाहन पूजा गरिने यस अनुष्ठानले राष्ट्रिय सम्प्रभुक्ता संरक्षकको रूपमा सैन्य उपकरणहरूप्रति सम्मान दर्शाउँछ।

**मेन्टल हेल्थ डे**

आज विश्व मानसिक स्वास्थ्य दिवस हो। मानसिक स्वास्थ्यसित सम्बन्धित मामिलाहरूबारे जागरूकता फैलाउन र विश्वभरि मानसिक स्वास्थ्यसित सम्बन्धित सेवालाई बढाउने प्रयासलाई सुदढ़ बनाउन यो दिवस मनाइन्छ। यो वर्ष यस दिवसको विषय छ 'कार्यस्थलमा मानसिक स्वास्थ्य' । यस वर्षको विषयमा कार्यस्थलमा मानसिक स्वास्थ्यप्रति जागरूकता ल्याउने यससित सम्बन्धित खतराहरूको समाधान गर्ने र आवश्यकता पर्नेहरूलाई सहायता प्रदान गर्ने जस्ता उपायहरूमा सामूहिक कार्यको महत्वमाथि जोड़ दिइएको छ। यसैबीच स्वास्थय तथा परिवार कल्याण मन्त्रालयले आज नयाँ दिल्लीमा विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा टेली मानस ऐप र भिडियो कल सुविधाको शुभारम्भ गर्यो।

**वल्ड मेन्टल हेल्थ डे**

यता राज्यमा पनि आज विश्व मानसिक स्वास्थ्य दिवस पालन गरियो। स्वास्थ्य तथा परिवार कल्याण विभाग अन्तर्गत राष्ट्रिय आयुष मिशनको तत्वावधानमा पाकिममा एउटा कार्यक्रम आयोजित भयो। अतिरिक्त जिल्लाधीश(विकास) श्री रबिन सेवाले अध्यक्षता गर्नु भएको कार्यक्रममा अन्य अधिकारीहरू र पञ्चायत अध्यक्ष र पञ्चायत सदस्यहरू पनि उपस्थित थिए। यसमा बोल्दै श्रोतवक्ता डा. कुल्जान लामाले वर्तमान समयमा मानसिक सुस्वास्थ्यको महत्वबारे जोड़ दिनुभयो र भन्नुभयो मानसिक सुस्वास्थ्यले व्यक्तिगत रूपमा कर्मचारीहरूलाई मात्र नभएर सांगठनिक कार्य कुशलता र उत्पादनशीलता बढ़ाउँछ। कार्यक्रममा सहभागीहरूलाई टेली मानस हेल्पलाइन नम्बर १४४१६ अथवा १८००-८९-१४४१६ बारे पनि जानकारी दिइयो।

स्वास्थ्य विभागको राष्ट्रिय स्वास्थ्य मिशनद्वारा मंगन जिल्ला अस्पतालमा आयोजना गरिएको समारोहमा होमियोपेथी चिकित्सा अधिकारी डा. डिकाला भुटियाले शारीरिक स्वास्थ्य सरह मानसिक रूपले पनि स्वस्थ रहन आवश्यक रहेको कुरो बताउनु भयो। यस अवसरमा मानसिक स्वास्थ्यलाई प्राथमिकता दिएर असल कार्यस्थल बनाउनु पर्ने खाँचोमा जोड़ दिइयो। स्वास्थ्य विभागको आयुष शाखाद्वारा नाम्चीमा आयोजित कार्यक्रममा मानसिक स्वास्थ्यबारे सचेतनामाथि वार्ता प्रस्तुत गरियो। राज्यका अन्य ठाँउमा पनि यस्तै समारोहरू आयोजित भए।

**सिएम कन्डोलेन्स**

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले प्रसिद्ध उद्योगपति तथा समाजसेवी रतन टाटाको निधनमा दु:ख प्रकट गर्नुभएको छ। आफ्नो शोक सन्देशमा उहाँले शोक सन्तप्त परिवारप्रति सम्वेदना प्रकट गर्नुभएको छ। श्री रतन टाटाको निधन मुम्वईको एउटा अस्पतालमा हिजो भयो। उहाँ छयासी (८६) वर्षको हुनुहुन्थ्यो।

**चेस**

नर्थइष्ट टीम चेस च्याम्पियनशीप २०२४ गान्तोकमा जनता भवनमा आँउदो बीस अक्तुवरदेखि शुरू हुनेछ। सिक्किम चेस संघद्वारा सिक्किम र पूर्वोत्तर क्षेत्रमै पहिलोचोटि आयोजन गरिएको  चार दिने लामो च्याम्पियनशिपमा आठैजवटा पूर्वत्तर राज्यबाट चार प्रमुख खेलाड़ी र एकजना रिजर्भ गरी पाँच जनाको टीम हुनेछन्।

गान्तोकमा हिजो एउटा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै सिक्किम चेस संघका महासचिव  श्री महेन्द्र ढकालले भन्नुभयो पूर्वोत्तर क्षेत्रमा चेस खेलाको विकास तथा पर्वर्द्धनका लागि च्याम्पियनशीपको आयोजना गरिएको हो।

उहाँले भन्नुभयो विजेता टीमलाई दुई लाख रूपियाँ , उपविजेता टीमलाई डेढ़ लाख रूपियाँ र तेस्रो स्थानमा आउने टीमलाई एक लाख रूपियाँ प्रदान गरिनेछ।

यसवाहेक आठौं स्थान सम्मका लागि शान्तवना पुरस्कार पनि हुनेछ। नर्थइष्ट टीम चेस च्याम्पियनशीपको उद्घाटन खेल तथा युवा मामिला मन्त्री श्री राजु बस्नेतले गर्नुहुने कार्यक्रम छ भने समापन समारोहमा अखिल भारतीय चेस महासंघका अध्यक्ष श्री नितिन नारङ्ग पस्थित रहनुहुनेछ।